**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 5, No. 2, July 2024. Pages: 252-262**
**ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)**
**DOI: 10.3126/ijmss.v5i2.69464**

# विश्व राजनीतिमा वैज्ञानिक समाजवादी चिन्तनको विकास

**The Development of Scientific Socialist Thought in World Politics**

***[1] गोविन्द प्रसाद मैनाली***
***Govinda Prasad Mainali***

[1]Faculty Member of Political Science, Tribhuvan University, Saraswati Multiple Campus, Kathmandu, Nepal
*[(Email: mainaligovindaprasad@gmail.com) ORCID:https://orcid.org/0009-0003-7803-3283]*

**Article History:** Received 5 Jan. 2024; Reviewed 30 March 2024; Revised 5 June. 2024; Accepted 28 June 2024.

**Copyright:** This work is licensed under a Creative Commons Attribution-Non Commercial 4.0 International License.

## Abstract

*This article examines the development of scientific socialist thought in world politics. Key milestones considered include the formation of the Communist League, the publication of the Communist Manifesto, the establishment of the First International, the Paris Commune, the Second International, the October Socialist Revolution, the Third International, and the Cominform. Scientific socialist thought began with the publication of the Communist Manifesto by Marx and Engels in 1848 and developed gradually over time. This evolution is marked by a series of significant historical events. The study traces the formation of the Communist League, the creation and dissemination of the Communist Manifesto, the establishment of the First International under Marx's leadership, the Paris Commune revolution by workers and the proletariat, the formation of the Second International under Engels' guidance, Lenin's leadership in the Russian Socialist Revolution and the formation of the Third International, and the establishment of the Cominform under Stalin's leadership. The article uses an inductive method to explore these developments and aims to illuminate the progression of scientific socialist thought in world politics.*

**Keywords:** *Scientific socialist thought, communist league, communist manifesto, first international, paris commune, second international, october socialist revolution, third international, Kominform, Marx, Engels, Lenin, Stalin, Khrushchev*

## लेखासार

*यस आलेखमा विश्व राजनीतिमा वैज्ञानिक समाजवादी चिन्तनको विकास कसरी भयो भनी अध्ययन गरिएको छ । आलेखमा विश्व राजनीतिमा वैज्ञानिक समाजवादी चिन्तनको विकास कसरी भयो भनी अध्ययन गर्दा कम्युनिस्ट लिगको गठन, कम्युनिस्ट घोषणापत्र, पहिलो अन्तर्राष्ट्रिय, पेरिस कम्युन, दोस्रो अन्तर्राष्ट्रिय, अक्टोबर समाजवादी क्रान्ति, तेस्रो अन्तर्राष्ट्रिय र केमिन्फर्मलाई प्रमुख आधार मानिएको छ । सन् १८४८ मा मार्क्स र एंगेल्सले कम्युनिस्ट घोषणापत्र लेखि वैज्ञानिक समाजवादी चिन्तनको उद्‌भव गराएपछि यसको विकास क्रम विस्तारै भएको थियो । वैज्ञानिक समाजवादी चिन्तनले आफ्नो विकासको क्रममा लामो ऐतहािसक श्रृङ्ला पार गरेर यहाँसम्म आइपुगको छ । तर, यस आलखेमा वैज्ञानिक समाजवादी चिन्तनको विकासक्रमको अध्ययन गर्दा कम्युनिस्ट लिगको गठन, कम्युनिस्ट घोषणापत्रको लेखन र प्रकाशन, मार्क्सको*

*नेतृत्वमा पहिलो अन्तराष्ट्रियको गठन, पेरिसमा मजदुर तथा सर्वहारावर्गले क्रान्ति गरी स्थापना गरेका पेरिस कम्युन, एंगेल्सको नेतृतवमा भएको दोस्रो अन्तर्राष्ट्रियको गठन, लेनिनको नेतृत्वमा भएको रूसको अन्टोबर समाजवादी क्रान्ति, लेनिनकै नेतृत्वमा भएको तेस्रो अन्तराष्ट्रियको गठन र चौथो अन्तराष्ट्रियको रूपमा स्टालिनको नेतृत्वमा भएको कोभिन्फर्मको गठनलाई अध्ययन गरिएको छ । जसले विश्व राजनीतिमा वैज्ञानिक समाजवादी चिन्तनको विकासमा महत्वपूर्ण योगदान पुऱ्याएका थिए । यस आलेखको अध्ययन विधि आगनात्मक विधि हो । यस आलेखको प्रमुख उद्देश्य विश्व राजनीतिमा वैज्ञानिक समाजवादी चिन्तनको विकास कसरी भयो भनी प्रकाश पार्नु हो ।*

***शब्दकुञ्जी:*** *वैज्ञानिक समाजवादी चिन्तन, कम्युनिस्ट लिग, कम्युनिस्ट घोषणापत्र, पहिलो अन्तर्राष्ट्रिय, पेरिस कम्युन, दोस्रो अन्तर्राष्ट्रिय, अक्टोबर समाजवादी क्रान्ति, तेस्रो अन्तर्राष्ट्रिय, कोमिन्फर्म, मार्क्स, एंगेल्स, लेनिन, स्टालिन, खुस्चेभ*

## परिचय

यस आलेखमा विश्व राजनीतिमा वैज्ञानिक समाजवादी चिन्तनको विकास कसरी भएको थियो भनी अध्ययन गरिएको छ । वैज्ञानिक समाजवादी चिन्तन भन्नाले मार्क्सवादी धारा अन्तर्गतको क्रान्तिकारी समाजवादी चिन्तनलाई भनिएको हो । यस वैज्ञानिक समाजवादी चिन्तनको विकासको अध्ययन गर्न किन आवश्यक छ भने अहिले नेपाली राजनीतिमा समाजवादी चिन्तनको धेरै बहस भएको छ र नेपालको संविधान, २०७२ मा पनि 'समाजवादप्रति प्रतिबद्ध' र 'समाजवाद उन्मुख' भन्ने शब्दको प्रयोग भएको छ, भलै यो कुन धारा अन्तर्गतको समाजवाद, भन्ने किटान नभए पनि । यसर्थ अहिले वैज्ञानिक समाजवादी चिन्तनको अध्ययन गर्नुपर्ने भएको हुँदा यस आलेखमा वैज्ञानिक समाजवादी चिन्तनको अध्ययन गरिएको छ ।

थोमस मुञ्जर र थोमस मूरले काल्पनिक समाजवादी चिन्तनको प्रतिपादन गरेपछि तम्मासो कम्पान्नेल्ला, जेरार्ड विन्स्टेनली जा मोलिये, गैब्रियल बोन्ने दे मैब्ली, मोरेली र ग्राक्खस ब्याव्योफले काल्पनिक समाजवादी चिन्तनलाई विकास गरेका थिए । यसपछि सेन्ट साइमन, चार्ल्स फुरिये र रबर्ट ओवेनले काल्पनिक समाजवादी चिन्तनलाई आधुनिकतातिर लग्दै ठोस मूर्तता दिने प्रयास गरी बढाएपछि मार्क्स र एंगेल्सले यही काल्पनिक समाजवादी चिन्तनलाई आधार र स्रोत बनाई राजनीतिक तथा आर्थिक कार्यक्रम, साधन र साध्यले सुसज्जित गरी वैज्ञानिक समाजवादी चिन्तनको प्रतिपादन गरेपछि क्रमशै वैज्ञानिक समाजवादी चिन्तनको विकास गर्ने क्रममा विभिन्न राजनीतिक तथा साङ्गठनिक गतिविधि, आन्दोलन र क्रान्तिको सिद्धान्त तथा कार्यक्रम प्रस्तुत गरेका थिए । लेनिनले अक्टोबर समाजवादी क्रान्ति गरेर वैज्ञानिक समाजवादी राजानीतिक व्यवस्थाको स्थापना गरेपछि वैज्ञानिक समाजवादी चिन्तनको विकासक्रम झन उन्नत ढंगले भएको थियो । माओले चीनमा जनवादी क्रान्ति गरी वैज्ञानिक समाजवादी चिन्तनको विकासमा नयाँ आयाम थपेका थिए । आजसम्म आइपुग्दा वैज्ञानिक समाजवादी चिन्तनका विकासको क्रममा नयाँ नयाँ प्रारूपको उद्भव र विकास भएको छ । जसले वैज्ञानिक समाजवादी चिन्तनलाई उन्नत ढंगले विकास गरेको छ ।

## पृष्ठभूमी

यस आलेखमा वैज्ञानिक समाजवादी चिन्तनको विकासको अध्ययन गर्ने क्रममा कम्युनिस्ट लिगको गठनदेखि कम्युनिस्ट घोषणापत्र, पहिलो अन्तर्राष्ट्रिय, पेरिस कम्युन, दोस्रो अन्तर्राष्ट्रिय, अक्टोबर समाजवादी क्रान्ति, तेस्रो अन्तर्राष्ट्रिय, कोमिन्फर्मको गठनसम्म मात्रै अध्ययन गरिएको छ ।

सन् १८४८ मा मार्क्स र एंगेल्सले 'कम्युनिस्ट घोषणापत्र' लेखेर वैज्ञानिक समाजवादी चिन्तनको प्रतिपादन र उद्भव गराएका थिए । वैज्ञानिक समाजवादी चिन्तनको प्रतिपादन र उद्भव गराएपछि यस चिन्तनलाई विकास गर्नको निम्ति मार्क्स र एंगेल्सले संसारभरका मजदुर सर्वहारावर्गको जनवादी सङ्गठनहरूलाई एकत्रित र संगठित गर्ने उद्देश्यले २८ सेप्टेम्बर, १८६८ मा पहिलो अन्तर्राष्ट्रियको आह्वान र गठन गरेका थिए । जुन विभिन्न कार्यक्रम र गतिविधिको साथसाथै पहिलो अन्तर्राष्ट्रियको विघटन भएको थियो । यसै बिच १८ मार्च, १८७१ मा पेरिस कम्युनको स्थापना भएको थियो । जुन ७२ दिन

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 5, No. 2, July 2024. Pages: 252-262**
**ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)**
**DOI: 10.3126/ijmss.v5i2.69464**

मात्रै टिकि विघटन भएको थियो । यसपछि दोस्रो अन्तर्राष्ट्रियको गठन सन् १८८९ मा भएको थियो र प्रथम विश्वयुद्ध सुरू भएपछि यो पनि विघटन भएको थियो । सन् १९१७ मा लेनिनले रूसमा अक्टोबर समाजवादी क्रान्ति गरी समाजवादी राज्यसत्ताको स्थापना गरेका थिए । लेनिनले आफ्नै पहलकदमीमा र नेतृत्वमा सन् १९१९ मा तेस्रो अन्तर्राष्ट्रियको स्थापना गरेका थिए । तेस्रो अन्तर्राष्ट्रिय पनि सन् १९४३ मा विघटन हुन पुगेको थियो । पछि स्टालिनले कोमिन्फर्मको स्थापना गरेका थिए । उनको मृत्यु पश्चात कोमिन्फर्म पनि विघटन भएको थियो । पछि सोभियत सत्ताकै विघटन हुन पुगेको थियो (Halls, 1985 : 20) । यस आलेखमा यही र यिनै गतिविधिलाई वैज्ञानिक समाजवादी चिन्तनको विकासको रूपमा संक्षिप्त अध्ययन गरिएको छ ।

## उद्देश्य

यस आलेखको प्रमुख उद्देश्य विश्व राजनीतिमा वैज्ञानिक समजवादी चिन्तनको विकास कसरी भयो भनी प्रकाश पार्नु हो । विश्व राजनीतिमा वैज्ञानिक समाजवादी चिन्तनको विकासमा कम्युनिस्ट लिगको गठन, कम्युनिस्ट घोषणापत्रको लेखन र प्रकाशन, मार्क्सको नेतृत्वमा गठन भएको पहिलो अन्तर्राष्ट्रिय, पेरिसका मजदुर तथा सरर्वहारावर्गले क्रान्ति गरी स्थापना गरेका पेरिस कम्युन, एंगेल्सको नेतृत्वमा गठन भएको दोस्रो अन्तर्राष्ट्रिय, लेनिनको नेतृत्वमा रूसमा भएको अक्टोवर समाजवादी क्रान्ति, लेनिनको नेतृत्वमा गठन भएको तेस्रो अन्तर्राष्ट्रिय र स्टालिनको नेतृत्वमा गठन भएको (चौथो अन्तर्राष्ट्रियको रूप तर, सफल नभएको) कोमिन्फर्मले कस्तो भूमिका खेलेको थियो भनी प्रकाश पार्नु यस आलेको प्रमुख उद्देश्य हो ।

## विधि

यस आलेखको अध्ययन विधि आगनात्मक विधि (Inductive method) हो । यस आलेख ऐतिहासिक ढाँचा (Historical Research Design) र वर्णनात्मक ढाँचा (Decriptive Researc Design) मा अध्ययन गरिएको छ । यस आलेखको अध्ययन व्याख्यावादमा आधारित भएर गरिएको छ । यस आलेखको अध्ययन गर्दा गुणात्मक विश्लेषण विधि (Qualitative Data Analysis) अपनाइएको छ । यस आलेखको अध्ययन गर्दा सहायक स्रोतका आधारमा सामाग्री जुटाइएको छ । उक्त सामाग्रीलाई विश्लेषण गर्न गुणात्मक विश्लेषण विधि अपनाईएको छ । यस आलेखको अध्ययन गर्ने क्रममा मार्क्सवादी पुस्तकहरू, विश्व समाजवादी आन्दोलन र क्रान्तिसम्बन्धी लेखिएका पुस्तकहरूलाई प्रमुख आधार मानि अध्ययन गरिएको छ ।

## सैद्धान्तिक आधार

यस आलेखको दार्शनिक आधार मार्क्सवाद हो भने सैद्धान्तिक आधार वैज्ञानिक समाजवाद हो । यस आलेखको सैद्धान्तिक आधार वैज्ञानिक समजवाद हो । सन् १८४८ मा मार्क्स र एंगेल्सले विश्व समाजवपादी क्रान्तिका निम्ति समाजवादको राजनीतिक, आर्थिक र साङ्ठनिक कार्यक्रम तथा मजदुर तथा सर्वहारावर्गको मुक्तिका निम्ति र राज्यसत्ताको प्राप्तिका निम्ति राजनीतिक संघर्षका कार्यमक्र तय गरेपछि वैज्ञानिक समाजवादी चिन्तनको उद्‌भव भएको थियो र विश्व समजवादी आन्दोलनले समाजवादको नयाँ प्रारूप वैज्ञानिक समाजवादी चिन्तन पाएको थियो । यस आलेख यसै वैज्ञानिक समाजवादी चिन्तनको विकासको अध्ययन गर्न वैज्ञानिक समाजवादी चिन्तनलाई नै प्रमुख सैद्धान्तिक आधार मानिएको छ ।

## अवधारणा

वैज्ञानिक समाजवादी चिन्तनको उद्‌भव र विकास भएको लगभग २०० वर्ष बितिसक्दा यसले अनेक प्रारूपमा र अवधारणामा आफ्नो विकास गरिसकेको छ । यसले २०० वर्षको लामो विकासक्रमको अभ्यास र अनुभवले नयाँ नयाँ प्रारूपमा आफूलाई विकास गराएको छ । वैज्ञानिक समाजवादी चिन्तनको विकासको २०० वर्ष लामो इतिहासमा आफ्नो प्रभावबाट विश्वका सम्पूर्ण मुलुकलाई अछुतो राखेन । यस वैज्ञानिक समाजवादी चिन्तनलाई अंगिकार र अनुशरण गरेर

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 5, No. 2, July 2024. Pages: 252-262**
**ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)**
**DOI: 10.3126/ijmss.v5i2.69464**

विश्वका विभिन्न मुलुकमा राजनीतिक परिवर्तन भयो र राज्यसत्ताको सञ्चालन पनि भयो । यसले गर्दा यसका अनुभव, अभ्यासले विभिन्न प्रारूपको सिर्जना हुन पुग्यो । वैज्ञानिक समाजवादी चिन्तनको अनेक प्रारूपको विकासले नै आज यस चिन्तन एउटा निर्विकल्प र अविच्छिन्न राजनीतिक चिन्तन र पद्धतिको रूपमा विकास भएको छ ।

रूसमा लेनिनले समातेका समाजवादी चिन्तनको क्रान्तिकारी मार्क्सवादी धारा र चीनमा माआले समातेको समाजवादी चिन्तनको क्रान्तिकारी जनवादी धारा दुबै धारासँग असहमत जनाउँदै युरोपियन समाजवादी पार्टीहरूले समाजवादी चिन्तनको नयाँ धाराको विकास गरेका थिए (Afanasyevv, 1967 : 56-58) । जसलाई युरोपियन कम्युनिज्म, नवमार्क्सवाद आदि-आदि नामले विभुषित गरिएको छ । समाजवादी चिन्तनको क्रान्तिकारी मार्क्सवादसँग असहमत जनाएका अर्को खेमाले लोकतान्त्रिक समाजवादी चिन्तनको विकास गरेका थिए । यस आलेखमा यी विविध प्रारूपको समाजवादी चिन्तनको विकासको अध्ययन नगरि वैज्ञानिक समाजवादी चिन्तनको विकासको मात्र अध्ययन गरिएको छ ।

## अर्थ र परिभाषा

यस आलेखमा वैज्ञानिक समाजवादी चिन्तनको अध्ययन गर्दा मार्क्स र एंगेल्सले प्रतिपादन र विकास गरेका समाजवादी चिन्तनको मात्रै अध्ययन गरिएको छ । वैज्ञानिक समाजवादी चिन्तनको विकासको लामो श्रृङ्खलावद्ध इतिहासको अध्ययन गर्ने हो भने यसका अर्थ र परिभाषा व्यापक र बृहद छ । वैज्ञानिक समाजवादी चिन्तनले २०० वर्षको लामो ऐतिहासिक यात्रा तय गर्दा अनेक प्रारूप, अनेक पद्धति, अनेक प्रतिस्थापक सिद्धान्तको विकास गरेको छ, जसको अभ्यास र अनुभवलाई अध्ययन गरेर अर्थ र परिभाषाको एउटा निचोडमा र निष्कर्षमा पुग्न जटिल र कठिन छ । लामो ऐतिहासिक यात्रा पार गर्दा वैज्ञानिक समाजवादी चिन्तनले आफ्नै खाले अर्थ, परिभाषाको विकास गरेको छ भने यसले पद्धतिगत संरचनाको पनि आफ्नै ढंगले विकास गरेको छ ।

विश्वका सम्पूर्ण मुलुकलाई कतै न कतै र केही न केही तरिकाले वैज्ञानिक समाजवादी चिन्तनले प्रभावित तुल्याएको छ । विश्वमा विभिन्न मुलुकले वैज्ञानिक समाजवादी चिन्तनलाई अनुशरण र अवलम्बन गरेर राजनीतिक परिवर्तन र राज्यसत्ताको सञ्चालन गरेका छन् । जसले गर्दा हरेक मुलुकमा आफ्नै मौलिकता र विशेषताले यस चिन्तनलाई विशिष्टता प्रदान गरेको छ र यस चिन्तनको विकासमा योगदान पुऱ्याएको छ । यसर्थ यस चिन्तनको विकासको अर्थ र परिभाषा पनि आफ्नै ढंगले अध्ययन गर्नुपदर्छ र
बुझ्नुपर्दछ । यस चिन्तनको विकासको लगभग २०० वर्षको लामो इतिहासमा चारवटा धारामा र चारवटा धाराभित्र हजारौं प्रारूपको विकास भएको छ । जसमा (१) लेनिनले विकास गरेका क्रान्तिकारी मार्क्सवादी धारा, (२) माओले विकास गरेका क्रान्तिकारी जनवादी धारा, (३) युरोपियन र ल्याटिन अमेरिकन समाजवादीहरूले विकास गरेका युरोपियन कम्युनिज्म र नवमार्क्सवादी धारा र (४) यी सबैसँग असहमत र संशोधित धारा, लोकतान्त्रिक समाजवादी धारा । यो र यी नै धाराभित्र वैज्ञानिक समाजवादी चिन्तनको अर्थ र परिभाषा केन्द्रित छ र यिनै धारामा केन्द्रित रहेर हामीले अध्ययन गर्नुपर्दछ ।

## छलफल

### वैज्ञानिक समाजवादी चिन्तनको विकासक्रम

मार्क्स र एंगेल्सले मार्क्सवादी दर्शनको प्रतिपादन गरी मार्क्सवादको तीन संघटक सिद्धान्त 'द्वन्द्वात्मक ऐतिहासक भौतिकवाद', 'अतिरिक्त मूल्यको सिद्धान्त' र 'सर्वहारा वर्गको अधिनायकत्वको सिद्धान्त' को आविष्कार गरेपछि वैज्ञानिक समाजवादी चिन्तनको विकास सम्भव भएको थियो (Conforth, 1972 : 9-10) । द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादी वा सिद्धान्तले सर्वसाधारण जनताले नै इतिहासको निर्माण गर्न सक्दछन् र सर्वहारा वर्गले नै संसारमा वैज्ञनिक समाजवादलाई पुनर्गठन गर्न सक्दछन् भनी प्रमाणित गरेको थियो (सबीरोव, १९८८ : १४९) । मानव जातिको लागि साह्रै उपयोगी नभएको काल्पनिक समाजवादी चिन्तकहरूको समाजवादी चिन्तनलाई मार्क्स र एंगेल्सले वैज्ञानिक समाजवादी चिन्तनमा रूपान्तरण गरी मनवजातिको लागि अझ विशेषतः सर्वहारावर्गको लागि उपयोगी बनाएका थिए । 'अतिरिक्त मूल्यको सिद्धान्त' काल्पनिक समाजवादी चिन्तनलाई वैज्ञानिक समाजवादी चिन्तनमा रूपान्तरण गर्ने सैद्धान्तिक आधार थियो र पुँजीवादी

शोषणलाई उजागर गर्ने र सामाधान गर्ने वैज्ञानिक विचार
थियो । 'अतिरिक्त मूल्यको सिद्धान्त' ले पुँजीवादको समस्या औंल्याउँदै वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्थाको लागि पूर्वाधारहरूको निर्माण गरेको थियो (सबीरोव १९८८ : १४९-१५०) ।

मार्क्स र एंगेल्सले 'द्वन्द्वात्मक ऐतिहासिक भौतिकवाद' र 'अतिरिक्त मूल्यको सिद्धान्त' लाई प्रयोग गर्दै काल्पनिक समाजवादी चिन्तनलाई वैज्ञानिक समाजवादी चिन्तनमा रूपान्तरण गरी वैज्ञानिक समाजवादी चिन्तनको प्रतिपादन र विकास गरेका थिए । उनीहरूले पुँजीवादी व्यवस्थाको विकासको क्रममा सर्वहारावर्ग एक नयाँ सामाजिक शक्तिको रूपमा निर्माण हुन्छन् र ती सर्वहारावर्गले नै पुँजीवादी व्यवस्थालाई नष्ट गर्दै साम्यवादमा पुग्ने वैज्ञानिक समाजवादी समाजको निर्माण गर्दछन् भनी प्रष्ट पारेका थिए (सबीरोव १९८८ : १५२) ।

## कम्युनिस्ट लिग

मार्क्स र एंगेल्सले वैज्ञानिक समाजवादी चिन्तनको प्रतिपादन गर्नु पूर्व विश्व समाजवादी आन्दोलन र समाजवादी चिन्तनको विकास फरक फरक ढंगले भएको थियो । सन् १८३३ मा जर्मनका निर्वासितहरूले एक गोप्य संस्था 'निर्वासितहरूको सङ्गठन' (Society of the Exiles) को निर्माण गरेका थिए (लास्की, २०७४ : ६) । यिनै समाजवादी जर्मन शरणार्थीहरूले सन् १८३६ मा 'न्याय समाज' (Society the just) नामको गुप्त सङ्गठनको निर्माण गरेका थिए । फ्रान्सका समाजवादीहरूले निर्माण गरेका 'ऋतु समाज' सङ्गठनसँग 'न्याय समाज' सङ्गठनको सम्बन्ध थियो । 'ऋतु समाज' का नेताहरूमा लुइस अगस्ते ब्लाँकी, अर्मान्ड बार्बे र मार्टिन बनार्ड थिए (तामाङ, २०६९ : २७-२८) ।

'न्याय समाज' एउटा पृथक संस्था थियो (लास्की, २०७४ : ६-७ । 'न्याय समाज' को नारा 'संसारमा सबैमान्छे दाजुभाइ हुन' भन्ने थियो भने लक्ष्य 'पृथ्वीमा न्याय, समानता र छिमेकीपनमा आधारित भगवानको राज्य स्थापित गर्ने' थियो (खतिवडा, २०७४ : ८) । 'न्याय समाज' का नेताहरू 'पेरिस षडयन्त्र' मा असफल भएपछि बेलायत भागेका थिए । बेलायतमा पुगेपछि उनीहरूले 'जर्मन श्रमिकहरूको शिक्षा समाज' नामको खुला सङ्गठनको निर्माण गरेका थिए । यस सङ्गठनमा जर्मन, स्वीस, स्केन्डिभियन, डच, हंगेरियन, चेक, दक्षिणी स्लाव, रूसी र अल्सासी समाजवादीहरू संगठित थिए । उनीहरूले यो सङ्गठनको नयाँ नाम 'कम्युनिस्ट मजदुर शिक्षा लिग' राखेका थिए (तामाङ, २०६९ : २८) । यस सङ्गठनसँगको सम्बन्ध एंगेल्सको सन् १८४३ देखि थियो भने मार्क्सले चाहिँ १८४५ देखि सम्बन्ध राखेका थिए । यस सङ्गठनको नारा 'सबै मानिस दाजुभाइ हुन' भन्ने थियो (Service, 2007 : 22) ।

मार्क्स पेरिसबाट निर्वासित भएपछि ब्रसेल्स पुगेका थिए । त्यही उनको भेट एंगेल्ससँग भयो र दुबै मिलि 'कम्यनुनिस्ट पत्राचार समिति' को स्थपना गरेका थिए । यस सङ्गठन मार्फत युरोपका विभिन्न मुलुकका समाजवादीहरूसँग सम्पर्क स्थापना गर्ने, वैज्ञानिक समाजवादी चिन्तनो प्रचार-प्रसार गर्ने र सामाग्री उपलब्ध गराउने र त्यस समयमा प्रचलित समाजवादी चिन्तनको अन्य धाराहरूको आलोचना गर्ने काम मार्क्स र एंगेल्सले गर्दथिए (सबीरोव, १९८८ : १५५) १५५) । उनीहरूको यस कार्यबाट र वैज्ञानिक समाजवादी चिन्तनबाट अरू समाजवादीहरू प्रभावित भएका थिए । मार्क्स र एंगेल्सको वैज्ञानिक समाजवादी चिन्तनबाट प्रभावित भएर 'कम्युनिस्ट मजदुर शिक्षा लिग' ले सङ्गठनको लागि राजनीतिक आन्दोलनको कार्यक्रम तय गर्न आवश्यक ठानि मर्क्स र एंगेल्सलाई सङ्गठनमा आवद्ध गराउने निर्णय गरेको थियो । 'कम्युनिस्ट मजदुर शिक्षा लिग' ले सङ्गठनात्मक संरचना बदल्न र षडयन्त्रकारी गतिविधि त्याग्न तयार भएपछि सन् १८४७ को वसन्तमा मार्क्स र एंगेल्स यस सङ्गठनमा आवद्ध भएका थिए (तामाङ, २०६९ : २७-२९) ।

मार्क्सै र एंगेल्स 'कम्युनिस्ट मजदुर शिक्षा लिग' मा आवद्ध भएपछि यस सङ्गठनलाई बलियो बनाउन लागि परो थिए । उनीहरूले यस सङ्गठनकासदस्यहरूलाई समचाजवादी चिन्तनसम्बन्धी व्याख्या नदिलने, नयाँ समूह बनाउने, पेरिस, जर्मनी र स्वीटजरल्याण्डका यस्तै अरू समूहहरूसँग सम्बन्ध शस्थापित गर्ने काम गरेका थिजए (लाम्सकी २०७४ : १०) । १ जुन, १८४७ मा 'कम्युनिस्ट मजदुर शिक्षा लिग' को प्रथम महाधिवेशन लन्डनमा सम्पन्न भएको थियो । मार्क्स समस्यावस् जान सकेका थिएनन् । ब्रसेल्सको प्रतिनिधित्व भोल्पले गरेका थिए भने पेरिसको प्रतिनिधित्व एंगल्सले गरेका थिए । यस महाधिवेशनको 'कम्युनिस्ट मजदुर शिक्षा लिग' को नाम बदलेर 'कम्युनिस्ट लिग' राखेको थियो । उक्त महाधिवेशनले 'कम्युनिस्ट लिग' को लक्ष्य- 'पुँजीवादी राज्य व्यवस्थाको अन्त्य गर्ने, सर्वहारा वर्गको राज्य व्यवस्था स्थापना गने, वर्ग

**Vol. 5, No. 2, July 2024. Pages: 252-262**
**ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)**
**DOI: 10.3126/ijmss.v5i2.69464**


विरोधमा आधारित पुरानो समाजिक व्यवस्थाको अन्त्य गरी नयाँ समाजवादी सामाजिक व्यवस्थाको स्थापना गर्ने, जुन समाज वर्गविहिन र निजी सम्पतिविहिन हुनेछ" भनी तय गरेको थियो (तामाङ, २०६९ : २९) ।

२९ नोभेम्बर, १८४४ मा 'कम्युनिस्ट लीग' को दोस्रो महाधिवेशन लण्डनमा सम्पन्न भएको थियो । यस महाधिवेशनमा वैज्ञानिक समाजवादी चिन्तनलाई समावेश गरिएको थियो । यस महाधिवेशनले मार्क्स र एंगेल्सलाई 'कम्युनिस्ट लिग' को घोषणापत्र लेख्नको लागि जिम्मेवारी दिएको थियो (सबीरोव, १९८८ : पष्ठ १५६) । मार्क्स र एंगेल्सले महानतम् युगान्तकारी 'कम्युनिस्ट घोषणापत्र' डिसेम्बर, १८४७ देखि जनवरी, १८४८ सम जम्मा दुई महिनामा तयार पारेका थिए । यस 'कम्युनिस्ट घोषणापत्र' फरवरी, १८४८ मा प्रकाशित गरिएको थियो (Service, 2007 : 29) ।

'कम्युनिस्ट लिग' पहिलो अन्तर्राष्ट्रिय समाजवादी सङ्गठन थियो । यसले वैज्ञानिक समाजवादी चिन्तनलाई र वैज्ञानिक समाजवादलाई आफ्नो कार्यक्रम घोषणा गरेको थियो । वैज्ञानिक समाजवादलाई मजदुर आन्दोलनसँग ऐक्यबद्ध गरेको थियो र सर्वहारावर्गको पार्टीलाई वैज्ञानिक समाजवादी चिन्तनसँग जोडेको थियो (सबीरोव, १९८८ : १५६-१५७) ।

## कम्युनिस्ट घोषणापत्र

काल्पनिक सममजवादीहरूको भावनापरक नारा 'सबै मानिस दाजुभाइ हुन्' भन्ने ठाउँमा मार्क्स र एंगेल्सले 'संसारका मजदुर एक होऊ' भन्ने वैज्ञानिक नारा दिदै सन् १८४८ मा 'कम्युनिस्ट घोषणपत्र' लेखि प्रकाशन गरेका थिए । 'कम्युनिस्ट भोषणापत्र' द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादमा आधाारित थियो । यस घोषणापत्रको मूलभूत विचार हरेक युगको राजीतिक तथा विचारको विकास र सामाजिक व्यवस्था त्यस युगको उत्पादन पद्धतिमा आधारित हुन्छ र व्याख्या र विश्लेषण पनि यसैम भरपर्छ भन्ने थियो (तामाङ, २०६९ : ३७) ।

यस घोषणापको अन्तर्वस्तु वैज्ञानिक भौतिकवादी दृष्टिकोणबाट ओतप्रोत थियो । घोषणापत्रमा समाजको इतिहास वर्गसंघर्षको इतिहासको रूपमा र पुँजीवादी सामाजिक व्यवस्थालाई वुर्जुवा वर्ग तथा सर्वहारावर्गको संघर्षको इतिहासका रूपमा प्रस्तुत गरिएको थियो । मार्क्स र एंगेल्सले घोषणापत्रमा पुँजीवादीहरूको विरूद्ध सर्वहारा मजदुर वर्गको संघर्षको आवश्यकतालाई पुष्टि गरेका थिए ((सबीरोव, १९८८ :पष्ठ १५७-)१५९) । उनीहरूले वैज्ञानिक समाजवादी चिन्तनलाई मूर्त रूप दिएका थिए । वुर्जुवा पुँजीवादी सामाजिक व्यवस्थाको ठाउँमा वैज्ञानिक समाजवादी सामाजिक व्यवस्थाको स्थापनाका लागि संघर्ष, विद्रोह, आन्दोलनको कार्यक्रम प्रस्तुत गरेका थिए ((सबीरोव, १९८८ : १६१) । उनीहरूले 'कम्युनिस्ट घोषणपत्र' मा भनेका थिए- 'सर्वहारावर्गको गुम्ने सिक्रि बाहेक केही छैन तर, जित्नका लागि सर्वहारावर्गको सामू संसार छ' (तामाङ, २०६९ : ४२) ।

## पहिलो अन्तर्राष्ट्रिय

विभिन्न देशहरूधा मजदुर र जनवादी सङ्गठनहरूको सभामा २८ सेप्टेम्बर, १८६४ मा प्रथम अन्तर्राष्ट्रियको स्थापना लण्डनमा भएको थियो ((सबीरोव, १९८८ : १६६) । विश्व समाजवादी आन्दोलनलाई एकिकृत गरी सही मार्ग निर्देशन गर्न अन्तर्राष्ट्रिय समाजवादी सङ्गठनको आवश्यकता परेको हुँदा मार्क्स र एंगेल्सले आफ्नै पहलकदमी पहिलो अन्तर्राष्ट्रियको गठन गरेका
थिए । यसको उद्देश्य विश्वभरका मजदुरहरूले मुक्ति सेनामा भाइ र साथीको रूपमा मात्रै आफूलाई महसुस नगरी सँगसँगै काम गर्न सकुन र विश्व समाजवादी आन्दालनलाइ अगाडि बढाउन भन्ने थियो (Mcfarlane, 1990 : 38) ।

सेप्टेम्बर, १८६६ मा पहिलो अन्तर्राष्ट्रियको पहिलो महाधिवेशन जेनेभामा सम्पन्न भएको थियो । यस महाधिवेशनले वैज्ञानिक समाजवादी चिन्तनलाई ग्रहण गरेको थियो । सेप्टेम्बर, १८६७ मा पहिलो अन्तर्राष्ट्रियको दोस्रो महाधिवेशन लौसानेमा सम्पन्न भएको थियो । यस महाधिवेशनमा पूँधोवादीहरूले वैज्ञानिक समाजवादी राजनीतिक कार्यक्रमसँग असहमति जनाउँदै विवादको सिर्जना गरेका थिए । सेप्टेबर, १८६८ मा पहिलो अन्तर्राष्ट्रियको तेस्रो महाधिवेनशन ब्रेल्समा सम्पन्न भएको थियो । यस महाधिवेशनले वैज्ञानिक समाजवादी राजनीतिक कार्यक्रमलाई स्वीकार गरेको थियो । सेप्टेम्बर, १८६९ मा पहिलो

**Vol. 5, No. 2, July 2024. Pages: 252-262**
**ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)**
**DOI: 10.3126/ijmss.v5i2.69464**


अन्तर्राष्ट्रियको चौथो महाधिवेशन बासलेमा सम्पन्न भएको थियो । यस महाविधेशनमा वैज्ञानिक समाजवादी चिन्तनको पक्षधर र बाकुनवादीहरू बिच भयंकर संघर्ष भएको थियो (तामाङ, २०६९ ४८-५१) ।

सेप्टेम्बर, १८६२ मा पहिलो अन्तर्राष्ट्रियको पाँचौं महाधिवेशन हेगमा सम्पन्न भएको थियो । यस महाधिवेशनमा पनि वैज्ञानिक समाजवादी चिन्तनको पक्षधर र बाकुनिनवादीहरूको बिचमा भयंकर वादविवाद भएको थियो । तर, अन्त्यमा मार्क्सको राजनीतिक प्रतिवेदन पास भएको थियो । वैज्ञानिक समाजवादी चिन्तनको पक्षधर र बाकुनिनवादीहरूको बिचको विवादको परिणाम स्वरूप १५ जुलाइ, १८७६ मा फिलाडेल्फियामा भएको सम्मेलनले पहिलो अन्तर्राष्ट्रिय विघटन गर्ने निर्णय गरेको थियो तामाङ, २०६९ : ५२-५३.) । पहिलो अन्तर्राष्ट्रियले विश्व समाजवादी आन्दोलनमा देखा परेको विकृति र विसंगतिलाई भण्डाफोर गर्दै, त्यस समयमा प्रचलित रहेका विविध समाजवादी चिन्तन धाराको आलोचना गरी वैज्ञानिक समाजवादी चिन्तनको प्रचार-प्रसार र विकास गरेको थियो ।

## पेरिस कम्युन

सन् १८७१ मा फ्रान्स जर्मनसँग हारिसकेपछि फ्रान्समा रहेका विद्रोही क्रान्तिकारीहरू एक भई १८ मार्च, १८७१ मा विद्रोह गरी पेरिसलाई कब्जा गरेका थिए । विद्रोही क्रान्तिकारीहरूले मे २८, १८७१ सम्म पेरिसको राज्य सत्ता आफ्नो हातमा लिई पेरिस कम्युनको स्थापना गरेका थिए (खतिवडा, २०७४ : २०) । १८ मार्चको बिहअनी "कम्युन जिन्दावाद' । को गगनभेदी नाराले कम्युनको कार्यशील अस्तित्वज नै यसरको सामाजिक कार्य थियो । कम्युनो विशेष कार्य "जनताको शासन' को दिशातिर उन्मुख प्रवृत्तिको द्योतक थियो (मार्क्स, एंगेल्स, २०६२ : ९५) पेरिसलाई व्याभ्ज्ञायएको उथो (मार्क्स, एस्गेल्स, २०६३ : ८१) । पेरिस कम्युन जम्माजम्मी ७२ दिन मात्रै टिकेको थियो । पेरिस कम्युन सर्वहारावर्गको समाजवादी राज्यसत्ता थियो । यसले सर्वहारा मजदुर वर्गको पक्षमा महत्वपूर्ण, निर्णायक प्रगतिशिल कार्य गरेको थियो (तामाङ, २०६९ : पृष्ठ ६१) ।

फ्रान्सको प्रतिक्रियावादी सरकार प्रमुख एम. थियसले पेरिस कम्युनको सत्ता ढलाउन जर्मनीको विस्मर्कसँग १० मे, १८७१ मा फ्याङफर्ट सम्झौता गरेको थियो । सम्झौता अनुरूप २२ मे, १८७१ मा जर्मनी सेना पेरिसम प्रवेश गरी पेरिस कम्यनुका रक्षकहरूसँग ला चाँसे मसान घाटको पखाल अगाडि ७ दिनसम्म भिषण युद्ध लडेको थियो । त्यस युद्धमा करिब ३०,००० पेरिसका जनता मरेका थिए, करिब ४५,००० पेरिसाक जनतालाई गिरफ्तार गरिएको थियो, गिरफ्तार गरिएकामध्ये धेरै जसको हत्या गरिएको थियो, १००० औं पेरिसका जनतालाई कालापानी निष्काशित गरिएको थियो, सबै गरेर लगभग १,००,००० पेरिसका जनता मारिएको थियो (तामाङ, २०६९ : ६३-६४) । २८ मे, १८७१ को दिन पेरिस कम्युन ढलेको थियो ।

### दोस्रो अन्तर्राष्ट्रिय

पहिलो अन्तर्राष्ट्रिय विघटन भएपछि सिवश्व समाजवादी आन्दोलन छिन्नभिन्न अवस्थामा पुगेको थिजयो । विश्वभरिका मजदुरहरूले अमूतपूर्व ढंगले त्याग, बलिदान र वीरता प्रदर्शन गर्दै विश्व समाजवादी आन्दोलनलाई जुरूक्क उचाले पछि समाजवादी आन्दोलनको अन्तर्राष्ट्रिय सङ्गठनको आवश्यकता महसुस भयो र दोस्रो अन्तर्राष्ट्रिय सन् १८८९ मा स्थापना भयो (भण्डारी, २०७४ : १४६-१४७) । एंगेल्सको नेतृत्वमा १४ जुलाई, १८८९ म पेरिसमा दोस्रो अन्तर्राष्ट्रियको स्थापना भएको थियो । दोस्रो अन्तर्राष्ट्रियको प्रथम महाधिवेशनले मे १ तारिखलाई अन्तर्राष्ट्रिय मजदुर दिवसको रूपमा मनाउने निर्णय गरेको थियो । अगस्ट, १८९१ मा दोस्रो अन्तर्राष्ट्रियको दोस्रो महाधिवेशन ब्रसेल्समा सम्पन्न भएको थियो । यस महाधिवेशनमा वैज्ञानिक समाजवादी चिन्तनको पक्षधर र अराजकतावादीहरूबिच राजनीतिक कार्यक्रमलाई लिएर मतभेद र विवादको सिर्जना भएको थियो । अराजकतावादीहरूले मजदुर वर्गको संघर्षको कार्यक्रमलाई अस्वीकार गरेका थिए । यस महाधिवेशनले अराजकतावादीहरूलाई दोस्रो अन्तर्राष्ट्रियको कुनै पनि महाधिवेशनमा भाग लिन नदिने निर्णय गरेको थियो (तामाङ, २०६९ : ६९-७१) दोस्रो अन्तर्राष्ट्रियको स्थजापनाकालमा वैज्ञानिक समाजवादी चिन्त पक्षधरका मार्क्सवादीहरू बलिया भश्एर अगाडि आएका थिए (भण्डारी, २०७४ : १४८) जसले गर्दा दोस्रो अन्तर्राष्ट्रिय अराजकतावादीहरू कमजोर थिए । सन् १८९२ मा दोस्रो अन्तर्राष्ट्रियको तेस्रो महाधिवेन जुरिचमा सम्पन्न भएको थियो । यस महाधिवेशनमा दोस्रो अन्तर्राष्ट्रिय सङ्गठनको सदस्य राष्ट्रहरूको राजनीतिक तथा सांगठनिक कार्यक्रम र जिम्मेवारीका बारेमा विवादको सिर्जना

**Vol. 5, No. 2, July 2024. Pages: 252-262**
**ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)**
**DOI: 10.3126/ijmss.v5i2.69464**

भएको थियो । अराजकतावादीहरूले विवादको सिर्जना गरेपछि सांगठानिक तथा राजनीकि कार्यक्रम र जिम्मेवारीको एजेण्डामा मतदान भएको थियो । मतदानमा वैज्ञानिक समाजवादी पक्षधरहरूको विजय र अराजकतावादीहरूको पराजयपछि अराजकतावादीहरूले उक्त निर्णय नमानि अर्को महाधिवेशनको माग राखेका थिए । दोस्रो अन्तर्राष्ट्रिय चौथो महाधिवेशन लन्डनमा सम्पन्न भएको थियो । यस महाधिवेशनको उद्घाटन सत्रमा नै जुरिच महाधिवेशनको निर्णय उल्टाउन माग गर्दै नाराबाजी गरी कार्यक्रम नै अवरूद्ध गरेपछि यस महाधिवेशनले उनीहरूलाई सदाका लागि दोस्रो अन्तर्राष्ट्रिय सगठनबाट निष्काशित गरेको थियो (तामचा, २०६९ : ६१-७२) । यस महाधिवेशनने दोस्रो अन्तर्राष्ट्रिय सङ्गठनको सदस्य राष्ट्रहरूको राजनीतिक कार्यक्रम र जिम्मेवारी तथा लक्ष्य स्पष्ट पारेको थियो (Hallas, 1985 : 76)।

सेप्टेम्बर, १९०० मा दोस्रो अन्तर्राष्ट्रियको पाँचौं महाधिवेशन पेरिसमा सम्पन्न भएको थियो । यस महाधिवेशमा वैज्ञानिक समाजवादी चिन्तनको पक्षधर र विश्व समाजवादी आन्दोलनमा देखापरेको संशशोधनवादी, सुधारवादी धारा विकासवादी समाजवादी चिन्तनको पक्षधरबिच वैचारिक मतभेद र विवाद भएको थियो । दोस्रो अन्तर्राष्ट्रियको छैठौं महाधिवेशनमा संशोधनवादी, सुधारवादी धारा विकासवादी समाजवादी चिन्तनमाथि व्यापक छलफल र बहस भएको थियो । यस महाधिवेशनले वैज्ञानिक समाजवादी चिन्तनलाई अनुमोदन गर्दै विकासवादी समाजवादी चिन्तनलाइ अस्विकार गरेको थियो (तामचाङ, २०६९ : ७३-७५) ।

दोस्रो अन्तर्राष्ट्रिय लण्डन महाधिवेशनले अराजकतावादीहरूलाई सङ्गठनबाट निष्काशन गरेपछि दोस्रो अन्तर्राष्ट्रिय मार्क्सवादी धारा अन्तर्गतको वैज्ञानिक समाजवादी चिन्तनका पक्षरध बलिया भएर सर्वहारा क्रानितका लागि अग्रसर भएको थियो । जोशी, २०७८ : २२७) । अगस्ट, १९०७ मा दोस्रो अन्तर्राष्ट्रिययको सातौं महावेशन स्टुटगार्डमा सम्पन्न भएको थियो । यस महाधिवेशनमा पुँजीवादी साम्राज्यवादी मुलुकको औपनिवेशिक नीति माथि छलफल भएको थियो र यसको विरोध गरिएको थियो । अगस्ट- सेप्टेबर, १९१० मा दोस्रो अन्तर्राष्ट्रियको आठौं महाधिवेशन सम्पन्न भएको थियो । यस महाधिवेशनमा वैज्ञानिक समाजवादी चिन्तनको पक्षधर, विश्व समाजवादी आन्दोलनमा देखापरेको केन्द्रवादी र अवसरवादी समूह र विकासवादी समाजवादी चिन्तनबिच भिषण वैचारिक बहस र विवाद भएको थियो । यस महाधिवेशनमा दोस्रो अन्तर्राष्ट्रिय सङ्गठनका सदस्य राष्ट्रहरूले आ-आफ्नो मुलुमा पुँजीवादी साम्राज्यवादी औपनिवशिक सरकारको युद्ध कर्जाको विधेयकको विरूद्ध मत दिने निर्णय गरेको थियो (तामाङ, २०६९ : ६७५-७६) ।

दोस्रो अन्तर्राष्ट्रियमा लेनिनले साम्राज्यवादी युद्धलाई सरमजवादी क्रानितमा बदल्नु पर्नू मत राखेपछि यसको विरूद्धमा मध्यमागी सम्झाता परास्त मध्यमार्गीहरू देखा परे भने अर्को दक्षिणी वामपन्थी मत देखा पर्‍यो जसले गर्दा दोस्रो अन्तर्राष्ट्रिय तीन धारमा विभक्त पुगेको थियो जोशी, २०६८ : २२७-२२८) । नोभेम्बर, १९१२ भा दोस्रो अन्तर्राष्ट्रियको नवौं महाधिवेशन बेसलेमा सम्पन्न भएको थियो । यस महाधिवेशन पुँजीवादी साम्राज्यवादी युद्धको विरूद्धमा उभिनका निम्ति प्रथम विश्वयुद्धको संघारमा भएको थियो । यस महाधिवेशनले पुँजीवादी साम्राज्यवादी युद्धलाई समाजवादी क्रान्ति र युद्धमा बदल्ने निर्णय गरेको थियो । १ अगस्ट, १९१४ मा प्रथम विश्वयुद्ध सुरू भएपछि दोस्रो अन्तर्राष्ट्रिय विधिवत रूपमा ढल्न पुगेको थियो (Hanson, 1997 : 149-50) .

## अक्टोबर समाजवादी क्रान्ति

अक्टोबर, १९१७ मा लेनिनको नेतृत्वमा रूसमा समाजवादी क्रान्ति भएको थियो । यस समाजवादी क्रान्तिपछि विश्व राजनीतिमा वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्थाको स्थापनामा भएको थियो । रूसमा अक्टोबर समाजवादी क्रान्तिले पुँजीवादी राज्यव्यवस्थाको अन्त्य गर्दै पुँजीपतिहरूलाई राज्यसत्ताको सम्पूर्ण उत्पादनका साधन र स्रोतबाट वञ्चित गरेको थियो । राज्यसत्ताका सम्पूर्ण सधानस्रोतको स्वामित्वलाई सार्वजनिक अर्थात सामाजिक सम्पतिमा रूपान्तरण गरेको थियो । यस समाजवादी क्रान्तिले रूसको राज्यसत्तामा सर्वहारावर्गको अधिनायकत्व कायम गरेको थियो । यस क्रान्तिबाट स्थापना भएको वैज्ञानिक समाजवादी राज्यसत्ताले सम्पूर्ण मानव समाजलाई मालिक र शासक बनाएको थियो र विश्व राजनीतिमा नयाँ आयाम थपेको थियो । विश्व सर्वहारावर्ग र समाजवादीहरूलाई नयाँ उत्प्रेरणा, उर्जा र मार्गदर्शन गरेको थियो । तर, अक्टोबर समाजवादी क्रान्तिले स्थापना गरेको सोभियत सत्ता १९९० को दशकमा विघटन हुन पुगेको थियो (तामाङ, २०६९ : ८१-८६) । दोस्रो अन्तर्राष्ट्रियपछि क्रानिताधरी मार्क्सवादी धारा समाती समाजवादी क्रानित गर्दै समाजवादको स्थापना

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 5, No. 2, July 2024. Pages: 252-262**
**ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)**
**DOI: 10.3126/ijmss.v5i2.69464**

लेनिनले गरेपछि उनले समातेधके बाटछचो हिंसात्मक बाटो हो भनी संशोधनवामदी धारा समात्दै उडवर्ग वर्नास्टिनले प्रजातान्त्रिक, समाजवादी चिन्तनको उद्‌भव र विकास गराउँदै विश्व समाजवादी आन्दोनलमा संकोधनवादी धाराको विकास गर्न पेगेका थिए । लेनिनले वैज्ञानिक समाजवादी चिन्तनको विकास गराउँदै तेस्रो अन्तर्राष्ट्रियको निर्माण र स्थापना गर्न पुगेका थिए ।

## तेस्रो अन्तर्राष्ट्रिय

दोस्रो अन्तर्राष्ट्रियको विघटनपछि लेनिनको नेतृत्वमा भएको अक्टोबर् समाजवालदी क्रान्तिले विश्व समाजवादी आन्दोलनलार्य नयाँ चरणमभा प्रवेश गरेपछि लेनिनो नेतृत्वमा तेस्रो अँन्तर्राष्ट्रियको र्निाण र स्थापना भएको थियो (जोशी, २०७८९ : २२८) । सुरूमा अक्टोवर समाजवादी क्रान्ति भई वैत्रानिक समाजवादी राजनीतिक व्यवस्थाको स्थापना भएपछि लेनिको नेतृत्वमा तेस्रो अन्तर्राष्ट्रियको स्थापना भएको थियो । ३० जनवरी, १९१८ मा तेस्रो अन्तर्राष्ट्रियको स्थापनाका लागि तयारी बैठक पेट्रोगर्डमा सम्पन्न भएको थियो । यसको तयारीको अन्तिम रूप दिन ३ जनवरी, १९१९ मा तेस्रो अन्तर्राष्ट्रियको लागि भएकोमा बैठक बसेको थियो । २ मार्च, १९१९ मा अन्तर्राष्ट्रिय समाजवादी सम्मेलन सम्पन भएको थियो । ४ मार्च, १९१९ मा तेस्रो अन्तर्राष्ट्रियको प्रथम महाधिवेशन सुरू भई ९ मार्च, १९१९ म सम्पन्न भएको थियो । यस महाधिवेशनले विधिवत रूपमा तेस्रो अन्तर्राष्ट्रिय सङ्गठनको स्थापना गरेको थियो (ऐ. ऐ., पृष्ठ ९१-९२) । यस महाधिवेशनले तेस्रो अन्तर्राष्ट्रियको घोषणापत्र र विश्वका सर्वहारा मजदुर वर्गको नाममा नयाँ अपिल जारि गर्दै पारित गरेको थियो (ऐ. ऐ.,
पृष्ठ ९२) ।

तेस्रो अन्तर्राष्ट्रिय दोस्रो महाधिवेशनमा ३७ राष्ट्रले सहागिता जनाएका थिए । लेननले अक्टोबर समाजवादी क्रानितको विशिष्टता लगायतका २१ बुँदे राजनीतिक कार्यक्रमको प्रतिवेदलन प्रस्तुत गरेका थिए (जोशी, २०७८ : २२८) । १९ जुलाई - ७ अगस्ट, १९२० मा तेस्रो अन्तर्राष्ट्रियको दोस्रो महाधिवेशन पेट्रोगर्ड र मस्कोमा सम्पन्न भएको थियो । यस महाधिवेशनले तेस्रो अन्तर्राष्ट्रिययको कार्यभारसम्बन्धी लेनिनको प्रतिवेदन पास गरेको थियो । १२ जुन-जुलाई, १९२१ मा तेस्रो अन्तर्राष्ट्रियको तेस्रो महाधिवेशन मस्कोमा सम्पन्न भएको थियो । यस महाधिवेशनले तेस्रो अन्तर्राष्ट्रियको कार्यनीति सम्बन्धी लेनिनको प्रस्ताव पास गरेको थियो । ५ नोभेम्बर - ५ डिसेम्बर, १९२२ मा तेस्रो अन्तर्राष्ट्रियको चौथो महाधिवेशन पेट्रोगार्ड र मस्कोमा सम्पन्न भएको थियो । यस महाधिवेशनमा रूसि क्रान्तिको समीक्षा गर्दै विश्व समाजवादी क्रान्तिको सम्भावनाको बारेमा विचार-विमर्श गरिएको थियो (तामाङ, २०६९, ९६-१०८) ।

१७ जुन, १९२४ मा तेस्रो अन्तर्राष्ट्रियको पाँचौं महाधिवेशन मस्कोमा सम्पन्न भएको थियो । यस महाधिवेशनले विश्व समाजवादी पार्टीहरूलाई वैचारिक तथा सङ्गठनात्मक तरिकाले सबल र सक्षम बनाउनका निम्त बोल्सेभिकिकरणको नारा अघि सारेको थियो १७ जुलाई - १ सेप्टेम्बर, १९२८ मा तेस्रो अन्तर्राष्ट्रियको छैटौं महाधिवेशन मस्कोमा सम्पन्न भएको
थियो । यस महाधिवेशनले विश्वमा खतराको रूपमा रहेको फाँसीवादी आक्रमणका सम्बन्धमा बहस गरेको थियो (ऐ. ऐ., पृष्ठ ११९) । १३ मे, १९४३ मा तेस्रो अन्तर्राष्ट्रियलाई विघटन गर्ने प्रस्ताव पारित गरेको थियो भने १० जुन, १९४३ मा तेस्रो अन्तर्राष्ट्रिय विधिवत रूपमा विघटन भएको थियो (तामाङ, २०६९ : ११२-११४) ।

## कोमिन्फर्म

लेनिनको मृत्युपछि तेस्रो अन्तर्राष्ट्रियले स्टालिनको नेतृत्वमा लिन नसकि विघटन हुन पुगे भने विश्व समाजवादीआन्दोलन पनि दिशाहिन हुन पुग्यो । विश्व समाजवादी आन्दोलने सही रणनीति र कार्यनीर्ति ठम्याउसन सकेको थिएन् । तेस्रो अन्तर्राष्ट्रिय विघट भएपछि स्टालिनले कोमिन्फर्मको स्थापनागर्नपुगेका थिए (जोशी, २०७८ :२२९) । तेस्रो अन्तर्राष्ट्रियको विघटन भएपछि स्टालिनको नेतृत्वमा सेप्टेम्बर, १९४७ मा सूचना ब्यूरो (Comminform or communis information Bureau) को स्थापना भएको थियो (तामाङ २०६९ : १२४) । कोमिन्फर्मको मुखपत्रको नाम For a lating peace, for a people's Democracy) थियो । कोमिन्फर्मको विघटन स्टालिनाके मत्युपछि खुश्चेभले गरेका थिए (Halls, 1985 :36-37) ।

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 5, No. 2, July 2024. Pages: 252-262**
**ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)**
**DOI: 10.3126/ijmss.v5i2.69464**

## निष्कर्ष

सन् १८४८ म 'कम्युनिस्ट पार्टीको घोषणापात्र' लेखी मार्क्स र एंगेल्सले वैज्ञानिक समाजवादी चिन्तनको उद्भव गराएपछि यसको विकासक्रमले बिस्तारै गति लिन थालेको थियो । मार्क्सले आफ्नो नेतृत्वमा र पहलकदमीमा २८ सेप्टेम्बर, १८६४ मा पहिलो अन्तर्राष्ट्रियको गठन गरेपछि वैज्ञानिक समाजवादी चिन्चनले विकासको स्वरूप ग्रहण गरेको थियो । पहिलो अन्तर्राष्ट्रियको गठन भएपछि विश्वका समाजवादीहरू वैज्ञानिक समाजवादी चिन्तनलाई आत्मसात गर्नेहरू एक ठाउँमा गोलबन्द भएका थिए । जसले वैज्ञानिक समाजवादी चिन्तनको विकासलाई गति दिएको थियो । वैज्ञानिक समाजवादी चिन्तनको विकासलाई गतिदिने अर्को कडि थियो, पेरिस कम्युन । पेरिसका क्रान्तिकारी विद्रोहीहरू एकजुट र गोलबन्द भई २६ मार्च, १८७१ म पेरिस शहर कब्जा गरी पेरिस कम्युनको स्थापना गरेका थिए । तर, यो मात्रै ७२ दिन टिकेको थियो ।

वैज्ञानिक समाजवादी चिन्तनको विकासको अर्को कडि थियो, दोस्रो अन्तर्राष्ट्रिय । जुन, एंगेल्सले आफ्नै पहलकदमी र नेतृत्व लिएर गठन गरेका थिए । १४ जुलाइ, १८८९ मा दोस्रो अन्तर्राष्ट्रियको गठन भएको थियो । दोस्रो अन्तर्राष्ट्रियमा संसारका वैज्ञानिक समाजवादी चिन्तनका पक्षधरहरू एक ठाउँमा गोलबन्द भएका थिए । वैज्ञानिक समाजवादी चिन्तनको विकासको अर्को कडीको रूपमा लेनिनको नेतृत्वमा सन् १९१७ मा रूसमा अक्टोबर समाजवादी क्रान्ति भएको थियो । २ मार्च, १९१९ मा लेनिनको पहलदकमीमा र नेतृत्वमा तेस्रो अन्तर्राष्ट्रियको गठन भएको थियो । यो पनि वैज्ञानिक समाजवादी चिन्तनको विकासको कडी नै थियो । चौथो अन्तर्राष्ट्रियको रूप दिन स्टालिनले आफ्नो पहलदकमीमा सेप्टेम्बर, १९४७ मा कोमिन्फर्मको स्थापना गरेका थिए । यसरी विश्वराजनीतिमा वैज्ञानिक समाजवादी चिन्तनको विकास भएको थियो ।

## सन्दर्भसामाग्री

### देवनागरिक सन्दर्भसामाग्री

खतिवडा, डम्बर, (२०७४), *समाजवादको यात्रा :युटोपियादेखि चौथो आयामसम्म,* काठमाण्डौं : साङ्ग्रिला पुस्तक प्रा. लि. ।

जोशी, चन्द्रदेव, (२०७८) ,*मार्क्सवाद र विश्व-कम्युनिस्ट आन्दोलन,*काठमाण्डौ :इन्डिगो इन्क प्रा. लि. ।

तामाङ, सीताराम, (२०६९), *विश्व कम्युनिस्ट आन्दोलन,* काठमाण्डौं : मूल्याङ्कन प्रकाशन गृह ।

भण्डारी शशिधर,(२०७४, *विश्वकम्युनिस्ट आन्दोलनको इतिहास (खण्ड-१),* (संस्करण दोस्रो), प्रकाक्त मनोज जिसी ।

मार्क्स, एंगेल्स, (२०६२), (अनुवादक :राजेन्द्रमास्के), *मार्क्स,एंगेल्स, :पेरिस कम्युन,* (संस्करण दोस्रो), काठमाण्डौ :विलवेक सिर्जनशील प्रकाशन प्रा. लि.)

लास्की, हेराल्ड जे., (२०७४), (अनुवादकः सी.के. प्रसाई, *कम्युनिस्ट मेनुफेस्टो : समाजवादको आधारशीला,* (संस्करण दोस्रो), काठमाण्डौं : स्वपदेश प्रकाशन प्रा. लि. ।

सबीरोव, ह., (१९८८), (अनुवादक : सुरेन्द्र कुमार), (सम्पादक मण्डल : फ. व. वोल्कोव (प्रधान), ये. फ. गूब्स्की, व.व. क्रापीविन, व.द. जोतोव, यू.न. पोपोव, फ.म. बुर्लात्स्की, फ.न. यूर्वोल, व.व. सोबोलेव), *सामाजिक और राजनीतिक ज्ञान कम्यननिज्म क्या है ?,* (हिन्दी संस्करण), मास्को : प्रगति प्रकाशन ।

### Roman script

Afanasyevv, V. G. (1967). *Scientific Communism: a PopularOutline.* Moscow progress publishers

Conforth, M. (1972). *Communism and humna vacues.* New York Inrternational publishes.

Hauas, D. (1985). The comintern. London: Bookmarks.

Hansen, S.E. (1997). *Time andrevolution. Marxim adn thedesign of Soviet institutions.* University of North Carolina press.

Vol. 5, No. 2, July 2024. Pages: 252-262
ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)
DOI: 10.3126/ijmss.v5i2.69464

Macfarlane, S.N. (1990). Successes and failures in Sovietplicy towards Marxist revolutions in the third world. In Marks (Ed.), The USSR and Marxiet revolutions in the Third World. Cambridge: Cambridge University Press.

Service, R. (2007). *Comrades: A history of Wrold Communism*. Cambridge, Massachussetts. Harvad University Press.